छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## कवाडी सामान उठाउने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना ।

दोस्रो पटक प्रकाशित मितिः २०७८।०५।१३

यस गाउँपालिका भित्र आ.व. २०७८/०७९ को लागि निम्न शर्तहरुको अधिनमा रही कवाडी सामान उठाउने प्रयोजनको लागि इच्छुक व्यवसायी, फर्म वा व्यक्तिले सूचना प्रकाशित भएको मितिले निम्न लिखित शर्तको अधिनमा रहि फर्म दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, व्यवसाय नविकरण प्रतिलिपि सहित शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. शिलबन्दी दरभाउपत्रको निवेदन तोकिएको दस्तुर तिरी निर्धारित समयभित्र दर्ता गराउनु पर्नेछ । म्याद नाघेको वा रित नपुऱ्याई पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोही दिनको भोलिपल्ट पेश गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सकिनेछ र १६ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गर्नु पर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे छत्रकोट गाँउकार्यापालिकाको कार्यालयमा खोलिनेछ ।

३. शिलबन्दी दरभाउपत्र पेश गर्दा छत्रकोट गाउँपालिका क्षेत्रभरको कबाडीको लागि पेश गर्नुपर्नेछ ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत हुने व्यक्ति वा फर्मले स्वीकृत कबोल अंकको २५% रकम सम्झौता हुँदाका बखत नै भुक्तानी गर्नुपर्नेछ ।

५. कुनैपनि शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ९८५७०६७९०८ र ९८५७०८२७११ तथा ईमेल-info@chhatrakotmun.gov.np, chhatrakot90@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

७. यस सुचनामा उल्लेखित नभएको कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

८. कवाडी उठाउने क्षेत्र एवं न्यूनतम रकम देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | कवाडी उठाउने क्षेत्र | न्यूनतम रकम रु. (भ्याट सहित) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| १ | छत्रकोट गाउँपालिका क्षेत्रभर | १५०००० | १००० |

नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं.-९८५७०६७९०८ | ईमेल-info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np